**आकाशवाणी समाचार- नेपाली**
**मितिः २३ अप्रेल २०२५**
**समयः ०७.२५ - ०७ः ३५ बजे** (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- जम्मू कश्मीर आतंकी हमलाको विश्वका नेताहरूले कड़ा निन्दा गरेको छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, रूसका राष्ट्रपति भ्लादीमीर पूतिन सहित कैयन नेताहरू आतंकवाद विरूद्धको लड़ाईमा भारतको साथ रहेको बताएका छन्।
- आतंकी हमलाले गर्दा प्रधानमंत्री नरेन्द्र मोदी सउदी अरबको भ्रमण बीचमै समाप्त गरी भारतका फर्किनु भएको छ । आज साँझ क्याबिनेटको सुरक्षा समितिको बैठक गर्नु हुने सम्भावना छ।
- केन्द्रीय गृहमंत्री यस हमला पछि श्रीनगर हिजो राती पुग्नु भयो तथा एउटा उच्च स्तरीय सुरक्षा समीक्षा बैठक गर्नु भयो। आज पहलगाम जानु हुने छ।
- देशका सबै दलहरूले तथा हिन्दु संगठनहरूले यस हमालको कड़ा निन्दा गर्दै आतंकवाद विरूद्धको लड़ाईमा देश एकजूट रहेको भन्दै आतंकवाद विरूद्ध कठोर कारवाही गर्नु पर्ने बताएका छन्।
- आईपीएलमा हिजो खेलिएको म्याचमा दिल्ली क्यपिटल्सले लखनउ सुपर जैन्ट्सलाई 8 विकेटले पराजित गरेको छ।

## विश्व नेता निंदा -1

संपूर्ण विश्वका नेताहरूले जम्मू-कश्मीरमा हिजो भएको आतंकवादी हमलाको एक शोरमा कड़ा निंदा गरेका छन्। अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपले यस घटना प्रति गहिरो शोक समवेदना व्यक्त गर्नु भएको छ। उहाँले प्रधानमंत्री नरेंद्र मोदी अनि भारतका मानिसहरू प्रति पूर्ण समर्थन व्यक्त गर्नु भएको छ। आफ्नो सामाजिक संजाल पोस्टमा उहाँले लेख्नु भएको छ कि कश्मीरबाट आएको खबर धेरै परेशान गर्ने खबर हो। उहाँले यो पनि भन्नु भएको छ कि अमरीका आतंकवादसितको लडाईमा भारतको साथमा दृढता साथ खड़ा छ। श्री ट्रंपले यस आतंकी हमलामा मारिएका मानिसहरूको आत्माको शांतिका लागि प्रार्थना गर्नु भएको छ तथार घाइतेहरूको शीघ्र स्वस्थ लाभको कामना गर्नु भएको छ।

रूसका राष्ट्रपति व्लादिमीर पूतिनले पनि राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमंत्री नरेंद्र मोदीलाई पठाउनु भएको संदेशमा पहलगाममा गरिएको आतंकवादी हमलामा कैयन पर्यटकहरू मारिएको घटना प्रति गहिरो शोक समवेदना व्यक्त गर्नु भएको छ। उहाँले यस क्रूरतम अपराधको कुनै औचित्य नरहेको भन्नु भएको छ। उहाँले आशा व्यक्त गर्नु भएको छ कि यस हमलाका षडयंत्रकारिहरू तथा यसमा लिप्त व्यक्तिहरूलाई कड़ा भन्दा कड़ा दण्ड दिइने छ।

## विश्व नेता निंदा -2

संयुक्त अरब अमीरात र ईरानले पनि यस आतंकी घटनाको कड़ा निंदा गरेका छन्। भारतमा ईरानको दूतावासले आफ्नो सोशल मीडिया पोस्टमा यस घटना माथि गहिरो शोक व्यक्त गरेको छ। दूतावासले विशेष रूपमा हमलामा मारिएका मानिसहरूका परिवारजनहरू, भारत सरकार र आम मानिसहरू प्रति संवेदना प्रकट गरेको छ तथा घाइतेहरूको शाघ्र स्वस्थ लाभको कामना गरेको छ।

## प्रधानमन्त्री – साउदी अरबको भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी साउदी अरेबियाको राजकीय भ्रमण बिचमा नै स्वदेश फर्कने भएका छन् । जम्मु काश्मिरको पहलगाममा भएको आतंकवादी हमलापछि प्रधानमन्त्रीले यो निर्णय लिनुभएको हो। यस आक्रमणमा धेरै मानिसहरूको मृत्यु भएको

थियो। प्रधानमन्त्री आज राति स्वदेश फर्कने कार्यक्रम थियो ।हाम्रो पश्चिम एसिया संवाददाताको रिपोर्ट अनुसार उहाको निर्बाध फिर्ता भए पनि, प्रधानमन्त्रीको साउदी अरबको भ्रमण महत्त्वपूर्ण थियो। दुवै नेताहरुले ऊर्जा, रक्षा, व्यापार, लगानी, प्रविधि, संस्कृति र जनस्तरको सम्बन्धलगायत सबै क्षेत्रमा सहयोगको समीक्षा गरेका थिए । भारत–मध्य पूर्व–युरोप आर्थिक करिडोरको कामको प्रगतिबारे पनि छलफल भएको थियो । दुवै पक्षले यस पहलमा कामलाई तीव्रता दिन आफ्नो साझा दृष्टिकोण र प्रतिबद्धता दोहोर्याए।द्विपक्षीय भेटवार्ताका क्रममा दुई देशले अन्तरिक्ष, स्वास्थ्य र एन्टी डोपिङलगायत चार महत्वपूर्ण सम्झौतामा हस्ताक्षर गरेका छन् । भ्रमणको अर्को महत्वपूर्ण उपलब्धि भनेको द्विपक्षीय सम्बन्धलाई प्रगाढ बनाउन रणनीतिक साझेदारी परिषद्को विस्तार गर्नु हो ।

**संशो. जम्मू कश्मीर अमित शाह**

गृह मंत्री अमित शाहले जम्मू-कश्मीरको पहलगाममा पर्यटकहरूमाथि हिजो भएको कायरतापूर्ण आतंकी हमला पछि श्रीनगरमा वरिष्ठ अधिकारिहरूसित एउटा उच्चस्तरीय समीक्षा बैठक गर्नु भयो। गृह मंत्री आज उप-राज्यपाल मनोज सिन्हासंग घटनास्थलमा जानु हुनेछ। उहाँले, आतंकी हमलाका प्रत्यक्षदर्शिहरूसित कुराकानी गर्नु हुने छ। उहाँ उपचारका लागि अस्पतालमा भर्ती गराइएका घाइतेहरूलाई हेर्न जानु हुने सम्भावना पनि छ। गृह मंत्री हिजो अबेर राती श्रीनगर पुग्नु भयो तथा सोझै राजभवन जानु भयो। यस भन्दा अघि गृह मंत्रीले वीडियों कॉफ्रेंसिंग मार्फत संबंधित अधिकारिहरूसित यस घटनाबारे कुराकानी गर्नु भयो। उहाँले यस कायरतापूर्ण आतंकी हमलामा शामेल व्यक्तिहरूलाई कठोर भन्दा कठोर दण्ड दिइने कुरा दोहोर्याउनु भयो।

**आतंकी हमला-प्रतिक्रिया-1**

जम्मू-कश्मीरको पहलगाममा भएको आतंकी हमलाको सबै राजनीतिक दल तथा प्रमुख हिन्दु संगठनहरूले कड़ा शब्दमा निन्दा गरेका छन्। केंद्रीय मंत्री जगत प्रकाश नड्डाले भन्नु भएको छ यस कायरतापूर्ण हमलामा निर्दोष नागरिकहरूलाई निशाना बनाइएको छ जो एकदमै निंदनीय छ। उहाँले भन्नु भएको छ नरेंद्र मोदी सरकारले आतंकवाद विरूद्ध शुन्य सहिष्णुताको नीति अपनाएको छ। उहाँले यस जघन्य कृत्यमा शामेल व्यक्तिहरूलाई न छोड्ने बताउनु भएको छ। उहाँले अझ भन्नु भएको छ - प्रधानमंत्रीले व्यक्तिगत रूपमा स्थितिमाथि नजर राखिरहेका छन्। रक्षा मंत्री राजनाथ सिंहले भन्नु भएको छ कि निर्दोष नागरिकहरूमाथिको यो हमला कायरतापूर्ण हमला हो। सूचना तथा प्रसारण मंत्री अश्विनी वैष्णवले भन्नु भएको छ यो हमला अत्यन्त निंदानीय छ, पीड़ितहरूका परिवार प्रति संवेदना व्यक्त गर्नु भएको छ। बिहारका मुख्यमंत्री नीतीश कुमारले भन्नु भएको छ पूरा देश आतंकवाद विरूद्ध एकजुट छ। केंद्रीय मंत्री चिराग पासवानले भन्नु भएको छ निर्दोष पर्यटकहरूलाई निशाना बनाएर गरिएको हमला निंदनीय र जघन्य अपराध हो।

**आतंकी हमला-प्रतिक्रिया-2**

कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड़गेले भन्नु भएको छ - सीमा पारिबाट प्रायोजित आतंकवाद सित लड़नका लागि पूरा देश एकजुट छ। विपक्षी नेता राहुल गांधीले भन्नु भएको छ कि पूरा देश आतंकवाद विरूद्ध एकजुट छ। पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जी र समाजवादी पार्टीका प्रमुख अखिलेश यादवले घटनाको कड़ा निंदा गरेका छन्। शिवसेनाका प्रमुख तथा महाराष्ट्रका उप-मुख्मंत्री एकनाथ सिन्देले यह हमलाको कड़ा निन्दा गर्दै भन्नु भएको छ

----------- बाईट सिन्दे----------

राष्ट्रीय सव्यंसेवक संघ, विश्व हिन्दु परिषद, बजरंग दलले यस कायरतापूर्ण आतंकी हमलाको कड़ा निन्दा गर्दै आतंकवादलाई समूल नष्ट गर्न केन्द्र सरकारसित कठोर भन्दा कठोर कारवाही गर्ने आह्वान गरेको छ। आरएसएसका सह -सर कार्यवाह दत्तात्रेय होसबलेले हमलाको कड़ा निन्दा गर्दै पीडित परिवारहरू प्रति गहिरो शोक समवेदना व्यक्त गर्दै आतंकवाद विरूद्ध कठोर कारवाही गर्न केन्द्र सरकारसित माग गर्नु भएको छ। जम्मु कश्मीरका भाजपा नेता रविन्द्र रैनाले कुनै पनि आतंकीलाई न छोडीने बताएका छ।

**दूतावासको शोक सन्देश**

नयाँ दिल्लीस्थित इरानको दूतावासले जम्मू कश्मीरको पहलगाममा भएको आतंकवादी हमलाको कडा शब्दमा निन्दा गरेको छ। सामाजिक सञ्जालको एक पोस्टमा, इरानी दूतावासले भारत सरकार र जनता, विशेष गरी पीडित परिवारप्रति हार्दिक समवेदना व्यक्त गरेको छ र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। भारतका लागि रुसी राजदूत डेनिस अलिपोभले पनि पहलगाममा पर्यटकहरूमाथि भएको जघन्य आतंकवादी हमलाप्रति भारतका जनता र सरकारप्रति समवेदना व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो रूस पूर्ण रूपमा भारतको साथमा छ।

****** ० ******

**आतंककारी आक्रमण निन्दा**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड र प्रधानमन्त्री नरेन्द्र मोदीले पहलगाममा पर्यटकहरूमाथि भएको आतंकवादी आक्रमणको निन्दा गरेका छन्। यसलाई स्तब्ध पार्ने र पीडादायी बताउँदै राष्ट्रपतिले भन्नुभयो, यो एक घृणित र अमानवीय कार्य हो जसको स्पष्ट रूपमा निन्दा गरिनुपर्छ। राष्ट्रपतिले भन्नुभयो निर्दोष नागरिकहरूलाई आक्रमण गर्नु पूर्णतया भयावह र अक्षम्य छ। उहाँले आफ्ना प्रियजनहरू गुमाएका परिवारहरूप्रति समवेदना व्यक्त गरिन् र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको लागि प्रार्थना गर्नुभयो। सामाजिक सञ्जाल पोस्टमा, श्री धनखडले भन्नुभयो कि यस्ता हिंसात्मक कार्यहरू हामी कडा निन्दा गर्दछौं। प्रधानमन्त्री मोदीले भन्नुभयो यस जघन्य कार्यको पछाडि हात रहेकाहरूलाई माफ दिने छैन र न्यायको कठघरामा ल्याइनेछ। सामाजिक सञ्जाल पोस्टमा, प्रधानमन्त्रीले भन्नुभयो उनीहरूको यस्तो घृणित कार्य कहिल्यै सफल हुने छैन। उहाँले आफ्ना प्रियजनहरू गुमाएकाहरूप्रति समवेदना व्यक्त गर्नुभयो र घाइतेहरूको चाँडोभन्दा चाँडो स्वास्थ्यलाभको लागि प्रार्थना पनि गर्नुभयो। श्री मोदीले अझ बताउनुभयो प्रभावितहरूलाई हर सम्भव सहयोग प्रदान गरिनेछ।

जम्मू कश्मीरका उपराज्यपाल मनोज सिन्हा र मुख्यमन्त्री उमर अब्दुल्लाह र अन्य दलका नेताहरूले आतंकवादी हमलाको कडा निन्दा गरेका छन्। केन्द्रीय मन्त्री तथा भाजपा अध्यक्ष जगत प्रकाश नड्डाले नरेन्द्र मोदी सरकारले आतंकवाद विरुद्ध शून्य सहनशीलताको नीति अपनाएको र यस जघन्य कार्यमा संलग्नहरूलाई नछोडिने भनी भन्नुभएको छ। उहाँले भन्नुभयो प्रधानमन्त्रीले व्यक्तिगत रूपमा परिस्थितिको निगरानी गरिरहनुभएको छ। रक्षामन्त्री राजनाथ सिंहले भन्नुभयो निर्दोष नागरिकहरूमाथि भएको आक्रमण कायरतापूर्ण र अत्यन्तै निन्दनीय छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले पनि कायरतापूर्ण हमलाको निन्दा गर्नुभयो र पीडित परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ। बिहारका मुख्यमन्त्री तथा वरिष्ठ जद(यू) नेता नीतीश कुमार, केन्द्रीय मन्त्री तथा लोजपा (आर) प्रमुख चिराग पासवान, कांग्रेस अध्यक्ष मल्लिकार्जुन खडगे, विपक्षी दलका नेता राहुल गान्धी, पश्चिम बंगालका मुख्यमन्त्री ममता बनर्जी र समाजवादी पार्टी प्रमुख अखिलेश यादवले पनि घटनाको निन्दा गरेका छन्।

****** ० ******

**जम्मू कश्मीर बन्द**

जम्मू कश्मीरको पहलगाममा पर्यटकको हत्याको विरोधमा उपत्यकाका व्यवसायी र पर्यटन व्यवसायी संस्थाहरूले आज कश्मीर बन्दको आह्वान गरेका छन्।बन्दको घोषणा चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रिज कश्मीर, जम्मू एण्ड कश्मीर होटलियर्स क्लब, अल ट्राभल एसोसिएसन, ट्रान्सपोर्टर, रेस्टुरेन्ट मालिक र नागरिक समाज समूहहरूले संयुक्त विज्ञप्तिमा गरेका हुन्। हाम्रा संवाददाताको रिपोर्ट अनुसार धेरै धार्मिक समूहहरूले पनि बन्दलाई समर्थन गरेका छन्।जम्मू क्षेत्रमा पनि व्यापारिक संगठनहरू र समाजका सबै वर्गले बन्दको आह्वान गरेका छन्। जम्मू कश्मीरका धेरै क्षेत्रहरूमा मानिसहरूले यस आक्रमणको विरोधमा मैनबत्ती मार्च निकाले भने,सेनाको उत्तरी सेक्टर कमाण्डर लेफ्टिनेन्ट कमाण्डर एन.भी. सुचेन्द्र कुमार आज श्रीनगर आइपुग्नु हुनेछ। वहालाई स्थानीय सेना कमाण्डरले कश्मीर उपत्यकाको वर्तमान सुरक्षा अवस्था बारे जानकारी गराउनु हुनेछ।

**रात्रि आईपीएल क्रिकेट**

आईपीएल टी20 क्रिकेटमा दिल्ली कैपिटल्सले लखनऊ सुपर जायंट्सलाई 8 विकेटले हराएको छ। दिल्ली कैपिटल्सले 17 ओवर 5 बलमा 2 विकेटको नुकसानमा 161 रन बनाए। यस अघि, बल्लेबाजी गर्दै लखनऊ सुपर जायंट्सको

टीमले निर्धारित 20 ओवरोंमा 6 विकेटको नुकसानमा 159 रन बनाए। दिल्ली कैपिटल्स अंक तालिकामा दोस्रो स्थानमा छ, जबकि लखनऊ पांचऔ स्थानमा छ ।आज बलुकी 7.30 बजे, सनराइजर्स हैदराबादको मुकाबला मुंबई इंडियंससंग , हैदराबादको राजीव गांधी अंतर्राष्ट्रीय स्टेडियममा हुनेछ।

****** ० ******